घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

## कर तथा शुल्क उठाउने सम्बन्धी सिलबन्दी बोल पत्र पत्र आव्हानको सूचना

( सूचना प्रकाशित मिति २०८१।०२।२९)

घोराही उप महानगरपालिका क्षेत्र भित्र जडिबुटी, कवाडी, जीवजन्तुको ब्यबसायिक उपयोग कर घोराही उप महानगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम आ.व.०८१।०८२ लागि संकलन गर्न ३० तिस दिनको म्याद राखी यो शिलबन्दी बोल पत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । योग्य इच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र शिलबन्दी बोल पत्र पेश गर्नुहुन अनुरोध गरिन्छ । विस्तृत जानकारीका लागि राजश्व व्यबस्थापन शाखमा कार्यालय समय भित्र सम्मपर्क राख्न सकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

| क्र.सं. | कामको बिबरण | आयठेक्का नं. | न्यूनतम अंक भ्याट बाहेक | अवधि |
|---|---|---|---|---|
| १ | जडिबुटी, कवाडी, जिवजन्तुको व्यवसायिक उपयोग कर ठेक्का | ०१/०८१।०८२ | २०,००,०००।०० बिस लाख | १ वर्ष |

शर्त तथा बन्देजहरु

१. शिलबन्दी बोल पत्र लिन इच्छुक संस्था/फर्म/कम्पनीले क्रमश: नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी/फर्म दर्ता/नविकरणको प्रतिलिपी, स्थायी लेखा नम्बर (प्यान) मूल्य अभिबृद्धि कर प्रमाण पत्रको प्रतिलिपी आ.व. ०७९।०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी रु ३०००। तिनहजार तिरी (पछि फिर्ता नहुने गरी) शिलबन्दी बोलपत्र यस कार्यालयबाट खरिद गर्नुपर्नेछ ।
२. सिलबन्दी बोलपत्र निर्धारित न्यूनतम अंक नघट्ने गरी कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ, अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
३. सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्र दाताको कबोल अंक स्वीकार गरिने छ । स्वीकृत बोलपत्र दाताले संझौता हुनु पूर्व कबोल गरेको अंकको ५० प्रतशित नगद दाखिला र बांकी ५० प्रतिशत रकम को २०८२ असार मसान्त सम्म म्याद भएको क बर्गको बैंकको बैंक जमानत पत्र दाखिला गरेपछि मात्र कार्यदिश प्राप्त गर्न सकिनेछ ।
४.शिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र घोराही उप महानगरपालिका कार्यालयबाट खरिद गरीसक्नु पर्नेछ सो दिन शार्बजनिक बिदा परे बिदाको भोलि पल्ट कार्यालय समय सम्म खरिद गरीसक्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा ५ प्रतशितले हुन आउने रकम यस घोराही उप महानगरपालिकाको नेपाल बैंक लिमिटेड घोराहीमा रहेको धरौटी खाता नं. ०२७०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।
६. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम मिति: सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२.००बजे सम्म सो दिन शार्बजनिक बिदा परे बिदाको भोलि पल्ट दिनको १२ बजे सम्म ।
७. शिलबन्दी बोलपत्र खोलिने दिन: बोलपत्र दाखिला हुने दिनको ३.०० बजे ।
८. शिलबन्दी बोलपत्र रहेको खाम बाहिर आफ्नो नाम, ठेगाना, आय ठेक्का नम्बर उल्लेख गर्नु पर्नेछ ।
९. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
१०.ठेक्काको अबधि आ.व.०८१।०८२ को बांकी अबधिको लागि रहने छ ।
११.म्याद नाघी वा रित नपुगी वा कुनै शर्त उल्लेख गरी पेश भएको शिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
१२.यस सूचनामा कुनै छुट भएमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत